# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८१/८२ को बैठक संख्याः २
मिति २०८१/०४/२०

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्वन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक वसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिलः

| | |
|---|---|
| श्री बृज हाङ आङदेम्बे, अध्यक्ष | अध्यक्ष |
| श्री ठाकुर सिं नेम्बाङ, उपाध्यक्ष | सदस्य |
| श्री होम प्रसाद आङ्देम्वे, वडा अध्यक्ष | सदस्य |
| श्री सन्तोष कुमार नेम्बाङ, वडा अध्यक्ष | सदस्य |
| श्री दल बहादुर नेम्बाङ, वडा अध्यक्ष | सदस्य |
| श्री विष्णु कुमार चेम्जोङ, वडा अध्यक्ष | सदस्य |
| श्री नारायण प्रसाद आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री देउ कुमार आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री धन कुमार तामाङ, का. वा. वडा अध्यक्ष | सदस्य |
| श्री विमला लिम्वू | सदस्य |
| श्री आइतमायाँ लिम्वू | सदस्य |
| श्री कमला पराजुली दुलाल, | सदस्य |
| श्री हर्कमायाँ नेपाली | सदस्य |
| श्री टंक परियार | सदस्य |
| श्री जसिमायाँ कमिनी | सदस्य |
| श्री निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत | सचिव |

| | |
|---|---|
| प्रस्ताव नं.१. | अघिल्लो कार्यपालिकाको निर्णय समिक्षा सम्वन्धमा। |
| निर्णय नं.१. | प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साउन ८ गते भएका निर्णयहरुको कार्यान्वयन समिक्षा भयो। निर्णय कार्यन्वयन बाकी रहेका विषयहरुमा सबै पक्षले तदारुकताका साथ कार्यान्वयनमा जोड दिने निर्णय गरियो। |
| प्रस्ताव नं.२. | तह वृद्धि सिफारिस समिति गठन सम्वन्धमा। |
| निर्णय नं.२. | प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८१/०३/१० गते १ महिनाको म्याद राखि प्रकाशन गरिएको तह वृद्धि सम्वन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका निवेदनहरु रुजु गरी तह वृद्धिको लागि सिफारिस गर्न स्थानीय सरकारीसेवाको (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) तथा फाल्गुनन्द गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि सम्वन्धी कार्यविधि, २०८० को दफा ६ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम वरिष्ठ कर्मचारी रहेको सिफारिस समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत — संयोजक<br>२. लक्ष्मीदेवी श्रेष्ठ, सि.अनमी, छैटौं — सदस्य<br>३. निर्मल अधिकारी, अधिकृत छैटौं — सदस्य |
| प्रस्ताव नं.३. | सुरक्षित आप्रवासन कार्यक्रमको सघन वडा छनौट सम्वन्धमा। |
| निर्णय नं.३. | प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा सञ्चालन हुदै आइरहेको सुरक्षित आप्रवासन (Sami) कार्यक्रम सञ्चालनका लागि चालु आ.व. २०८१/८२ मा गत विगतमा सञ्चालन हुन बाँकी वडा नं. १ र ६ मा सघन रुपमा सञ्चालन गर्ने निर्णय गरियो। रिटर्नी स्वयंसेवकहरुको हकमा पछि निर्णय गर्ने निर्णय पारित गरियो। |
| प्रस्ताव नं.४. | अंग्रेजी गणित/विज्ञान शिक्षण अनुदान सम्वन्धमा। |
| निर्णय नं.४. | प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सरकारवाट माध्यमिक तहमा अंग्रेजी गणित/विज्ञान शिक्षण अनुदान कार्यक्रम कार्यान्वयन कार्यनिति वमोजिम प्राप्त अनुदान तपसिल वमोजिम वितरण गर्ने निर्णय पारित गरियो।<br>तपसिलः<br>१. श्री कृष्ण मावि फाल्गुनन्द-४, चिलिङदिन — १<br>२. श्री सिद्देश्वरी मावि फाल्गुनन्द-४, चिलिङदिन — १<br>३. श्री सिद्देश्वरी मावि फाल्गुनन्द-१, नवमीडाँडा — १<br>४.. श्री ज्योती मावि फाल्गुनन्द-४, आङसराङ — १ |
| प्रस्ताव नं.५. | रसायनिक मल वितरक छनौट गर्ने सूचना सम्वन्धमा। |
| निर्णय नं.५. | प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकालाई प्राप्त हुने रसायनिक मलको कोटा अनुसार वितरण गर्नका लागि योग्य फर्म संस्थाहरुलाई गाउँपालिकामा सुचिकृत गर्नको लागि ७ दिने सार्वजनिक सुचना जारी गर्ने निर्णय गरिइ। |
| प्रस्ताव नं.६. | वार्षिक समिक्षा सम्वन्धमा। |
| निर्णय नं.६. | प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत आ.व. २०८०/८१ को वार्षिक प्रगति समिक्षा कार्यक्रम मिति २०८१/०४/२७ गते आइतवार सम्पन्न गर्ने निर्णय पनरित गरियो। |